संघीय संसद
राष्ट्रिय सभा
सोह्रौं अधिवेशन
बैठक-११
२०८१ जेठ २१ गते, सोमवार
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १२:१८ बजे*
*बैठक स्थगित : ३:३६ बजे*

संघीय संसद, राष्ट्रिय सभाको सोह्रौं अधिवेशनको एघारौं बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न १२:१८ बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" को तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मालाई नेपालको संविधानको धारा ५३ बमोजिमको नेपाल सरकारको वार्षिक प्रतिवेदन, २०७९/८० सभासमक्ष पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रतिवेदन सभासमक्ष पेस गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय आर्थिक वर्ष २०८१/०८२ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफलको क्रम जारी रहने जानकारी गराउनुभयो र छलफलमा भाग लिने बाँकी माननीय सदस्यहरूको नाम दलीय आधारमा प्राप्त भएको जानकारी गराउनुभयो । उक्त छलफलमा देहायबमोजिमको माननीय सदस्यहरूले भाग लिनुभयो:

१ मा. सदस्य माया प्रसाद शर्मा
२ मा. सदस्य कमला पन्त
३ मा. सदस्य शारदा देवी भट्ट
४ मा. सदस्य जयन्ती देवी राई
५ मा. सदस्य पुजा चौधरी
६ मा. सदस्य तुल प्रसाद विश्वकर्मा
७ मा. सदस्य अन्जान शाक्य
८ मा. सदस्य नर बहादुर विष्ट
९ मा. सदस्य पदम बहादुर परियार
१० मा. सदस्य सोनाम गेल्जेन शेर्पा
११ मा. सदस्य गोमा देवी तिमल्सिना
१२ मा. सदस्य तारामान स्वाँर
१३ मा. सदस्य विष्णु देवी पुडासैनी
१४ मा. सदस्य सुमित्रा वि.सी.
१५ मा. सदस्य मदन कुमारी शाह (गरिमा)
१६ मा. सदस्य विष्णु बहादुर विश्वकर्मा
१७ मा. सदस्य युवराज शर्मा
१८ मा. सदस्य रुकमिणी कोइराला
१९ मा. सदस्य मनरुपा शर्मा
२० मा. सदस्य श्रीकृष्ण प्रसाद अधिकारी

त्यसपछि, सम्माननीय अध्यक्षले आर्थिक वर्ष २०८१/०८२ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम नसकिएकोले आगामी बैठकमा समेत छलफल जारी रहने र माननीय सदस्यहरूले उठाउनुभएका विषयका सम्बन्धमा माननीय अर्थमन्त्रीले जवाफ दिनुहुने व्यहोरा जानकारी गराउनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक मिति २०८१ साल जेठ २२ गते मङ्गलवार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित गर्नुभयो।

पद्मप्रसाद पाण्डेय

महासचिव